**बागमती प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

# सञ्चार रजिष्ट्रारको कार्यालय

**हेटौंडा, मकवानपुर, नेपाल**

## एफ एम रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यममा कार्यरत पत्रकार, व्यवस्थापक, रेडियो प्राविधिक र पत्रकार महिलाका लागि तालिमको अवसर

### सूचना प्रकाशित भएको मिति २०८०/०४/ १६

चालु आर्थिक वर्षमा बिनियोजित बजेटको सीमा भित्र रही सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेशले निशुल्क सञ्चालन गर्ने बिभिन्न बिधाका तालिममा सक्रिय सहभागी भई सीप सिक्न चाहने पत्रकार, पत्रकार महिला, रेडियो प्राविधिक, बजार व्यवस्थापकलाई यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा निवेदन पठाउनु हुन अनुरोध गरिन्छ।

**तालिम हुने बिषयहरु**

**(क) रेडियो प्राविधिक तालिम**

**(ख) बजार व्यवस्थापकका लागि विज्ञापन कला सम्बन्धी तालिम**

**(ग) समाचार लेखन तथा सम्पादन कार्यशाला (पत्रकार महिलाका लागि मात्र)**

**(घ) पत्रकारका लागि**

**(अ) अनलाइन पत्रकारिता**

**(आ) डाटा ड्रिभन पत्रकारिता**

**(इ) मोबाइल पत्रकारिता तालिम**

***नोट : आवेदन दिनु अघि देहायका बिषयहरु अध्ययन गर्नु होला।***

(१) डाटा भिन पत्रकारिता तालिमका लागि अनलाइन पत्रकारिता तालिम लिएका र अनलाइन पत्रकारितामा क्रियाशिल पत्रकारलाई प्राथमिकता दिइनेछ।

(२) अनलाइन पत्रकारिता तालिमका लागि बागमती प्रदेशमा दर्ता भएका अनलाइन सञ्चार माध्यममा क्रियाशिल पत्रकारलाई प्राथमिकता दिइनेछ।

(३) मोबाइल पत्रकारिता तालिमका लागि बागमती प्रदेशमा दर्ता भएका टेलिभिजन र अनलाइन सञ्चार माध्यममा क्रियाशिल पत्रकारलाई प्राथमिकता दिइनेछ।

(४) समाचार लेखन तथा सम्पादन कार्यशालामा पत्रिका, रेडियो,टेलिभिजन र अनलाइन सञ्चार माध्यममा क्रियाशिल पत्रकार महिलाले मात्र आवेदन दिन सक्नेछन्।

(५) विज्ञापन कला तालिमका लागि बागमती प्रदेशमा दर्ता भएका रेडियो तथा टेलिभिजन सञ्चालक संस्थामा क्रियाशिल बजार व्यवस्थापकलाई प्राथमिकता दिइनेछ।

(६) रेडियो प्राविधिक तालिमका लागि बागमती प्रदेशमा दर्ता भएका रेडियोमा क्रियाशिल प्राविधिकलाई प्राथमिकता दिइनेछ।

(७) माथि उल्लेखित तालिम लिन चाहनेहरुले सञ्चार रजिष्ट्रार कार्यालयको वेवसाइटमा रहेको निवेदनको ढाँचामा निवेदन दिनु पर्नेछ।

(८) एक साता आवासीय तालिम लिन सक्नेले मात्र आवेदन दिनु पर्नेछ।

(९) प्राप्त निवेदन मध्येबाट छनौट हुने प्रशिक्षार्थीको नाम, तालिम हुने स्थान र मितिका बारेमा वेबसाइटमा सूचना प्रकाशित गरिनेछ।

(१०) मोबाइल पत्रकारिता तालिममा बाहेक अन्य तालिममा सहभागी हुन चाहनेले ल्यापटप अनिवार्य रुपमा ल्याउन सक्ने हुनु पर्नेछ।

**निवेदन दिने स्थान**

**सञ्चार रजिष्ट्रारको कार्यालय**

**बागमती प्रदेश नेपाल**

**हेटौडा र काठमाडौ**

**वेवसाइट https://cro.moial.p3.gov.np**

**इमेल : admin.cro@bagamati.gov.np**

**फोन : ०५७-५२०२५० (हेटौडा)**

**०१-५४२०४४७ (काठमाडौ उपत्यका)**